निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, मुगु

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मितिः २०८२/१०/१५

ने.सं. ११४६ सिल्लाध्वज एकादशी

## प्रेस नोट

आउदो २०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न आयोगबाट निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत भई २०८२ माघ ४ गते राति १२:०० बजेदेखि लागू भएको व्यहोरा अवगत नै छ । यस मुगु जिल्लामा रहेका राजनीतिक दल, दलका भातृसंगठन, सरकारी कार्यालय, सार्वजनिक निकाय, गैर सरकारी निकाय, नागरिक समाज तथा आम सर्वसाधारण नागरिकका नाममा **राजनीतिक वित्त र निर्वाचन खर्च सम्बन्धी आचरणहरु पालना** गर्न यो प्रेस नोट जारी गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

१. निर्वाचन प्रचारप्रसारको क्रममा कुनै दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न वा गराउन हुँदैन ।

२. राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधले निर्वाचन प्रचारप्रसारको लागि कानून विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिन हुँदैन ।

३. यस मुगु जिल्लाको लागि राजनीतिक दल वा उम्मेदवारको लागि निर्वाचन आयोगले तोकेको ३१ लाखको खर्चको सीमाभन्दा बढी खर्च गर्न वा गराउन हुँदैन ।

४. राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार अभियानमा निर्वाचन कानूनले निषेधित गरेका कार्यको लागि आर्थिक सहयोग लिन वा काम कारबाहीको लागि खर्च गर्न वा गराउन हुँदैन ।

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"

CamScanner

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आयोग, नेपाल

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, मुगु

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION NEPAL

५. निर्वाचन प्रचारप्रसारको लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले आफै वा आफ्नो प्रतिनिधि मार्फत निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने ।

६. उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्नुपर्ने ।

७. उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्ने ।

८. पच्चिस हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्क तथा वित्तीय संस्था मार्फत गर्नुपर्ने ।

९. व्यक्ति वा संस्थाबाट स्वेच्छिक सहयोगको रुपमा नगद लिएमा सो रकम बुझेको रसिद वा भरपाई दिई (६) बमोजिम उम्मेदवार वा दलको बैंक खातामा जम्मा गर्नुपर्ने ।

१०. सम्बद्ध व्यक्तिले निर्वाचन आचारसंहिता, २०८२ अध्ययन गरी पूर्ण जानकारी लिनुहुन, साथै आचारसंहिताको पूर्णरुपमा परिपालना गर्नुहुन अनुरोध छ। कुनै द्विविधा भएमा निर्वाचन आचारसंहिता अनुगमन अधिकृत, मूख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मुगुमा सम्पर्क गर्न सक्नुहुनेछ ।

१०/१५

(विवेक गिरी)
निर्वाचन आचारसंहिता अनुगमन
अधिकृत/कोष नियन्त्रक
मो.नं ९८६८९२७७२८

निर्वाचन आयोग, नेपाल
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"

CamScanner